# वीरगंज महानगरपालिका ई-बुलेटिन

बर्ष १, अंक- ८ २०७८ आश्विन २५ गते सोमबार/ नेपाल संवत् ११४१ / Monday, October–11, 2021 पृष्ठ ४


## वीरगञ्जमा रात्री गस्ती मार्फत सडक मानव उद्धारको कार्यक्रम

## नगरप्रमुख सरावगी आफै उत्रीए सडकमा



असोज २२ गते शुक्रबार घटस्थापनाको दिन नगर प्रमुख विजय कुमार सरावगी सहित मानव सेवा आश्रम वीरगञ्ज शाखाको टोली रात्रि गस्तीमा निस्कियो । वीरगञ्ज बसपार्कमा एक जना भारतीय नागरिक अलपत्र परेका रहेछन् । नरकटियागञ्ज घर बताउने उनले पैसाको अभावमा तीन दिनदेखि राम्रोसँग खानेकुरा खान पाएका रहेनछन् । उनी कमजोरीले गर्दा हिँडडुल गर्न समेत राम्रोसँग सकिरहेका थिएनन । नगर प्रमुख सरावगी सहितको टोलीले उद्दार गऱ्यो । खाना खान दियो र केहि बाटो खर्च समेत दिएर विदा गऱ्यो । उनी खुशी हुँदै फर्किए ।

सोही दिन घण्टाघर र बसपार्कबाट दुई जना सहयोगापेक्षी मानवलाई उद्दार गरेर आश्रम ल्याएको आश्रम शाखा संयोजक सानुमाया गुरुङ बताउँछिन् । दुवै जनाको मानसिक स्वास्थ्य अवस्था कमजोर थियो । जसमध्ये एकजनाको परिवार सम्पर्कमा आएपछि उनलाई घर पठाईएको छ ।

सडक मानवमुक्त राष्टू निर्माणका लागि मानव सेवा आश्रम परिवार लागि परेको छ । गतवर्ष आश्रमले मेची महाकाली उद्धार अभियान नै सञ्चालन गऱ्यो । सोही क्रममा ०७७ पुषमा वीरगञ्जलाई सडक मानवमुक्त सहर घोषणा गरियो । खुल्ला सिमाका कारण भारतका विभिन्न स्थानबाट मानसिक सन्तुलन गुमाएका मानिसहरु वीरगञ्ज आईपुग्छन् ।

मानवीयताको कुनै सीमा हुँदैन । मानव सेवा आश्रमले उद्धार गरेर खाना, नाना, छाना मात्रै हैन, औषधि उपचार समेत दिन्छ । सेवा गर्छ, कतिपयको स्वास्थ्य अवस्थामा पूर्ण रुपमा सुधार आउँछ । घर परिवार आफन्त खोजेर जिम्मा लगाईन्छ भने कतिपयले आश्रममै प्राण त्याग गर्ने गरेका छन् । घटस्थापनादेखि रात्री गस्ती, नवरात्रभरी चलाईने सडकमा अलपत्र सहयोगापेक्षी मानिसको उद्दार गर्ने उद्देश्यले रात्री गस्ती शुरु गरिएको मानव सेवा आश्रमले जनाएको छ । गस्ती गर्नका लागि वीरगञ्ज

बांकी तेश्रो पेजमा

## मानव सेवा पुण्यको काम हो : नगर प्रमुख सरावगी

*महानगरले मानव सेवा आश्रमलाई १८ कठ्ठा जमिन, २५ लाख रुपैयाँ घर बनाउन रकम समेत दिएको छ । मानव सेवा आश्रममा किन यति धेरै खर्च गर्दैछ त महानगर ? ई(बुलेटिनका लागि पत्रकार सुरेश बिडारीले नगर प्रमुख विजय कुमार सरावगीसँग संक्षिप्त कुराकानी गरेका छन् ।*

***चाडवाडको समयमा सहयोगापेक्षी सडक मानव खोज्दै रात्री गस्ती किन गर्नुपरेको हो ?***

*वीरगञ्ज महानगरले मानव सेवा आश्रमसँग कोहिपनि मानिस सडकमा नहोस, छतविहिन मानिस नहोस भनेर घोषणा गरेका छौं । चाडवाडको समय छ, कुनै मानिस अलपत्र परेको छ कि छैन भनेर हेर्नका लागि रात्री गस्ती शुरु गरेका छौं । अलपत्र मानिस फेला पर्छन, आश्रममा ल्याईन्छ । घर जान्छन भने जान्छन हैन भने हामी व्यवस्थित गर्छौं । गस्तीको क्रममा एउटा मानिसले तीन दिनदेखि खाना खान नपाएको रहेछ । टोलीले खाना खुवायो । एक रात आश्रममा राखेर रेलको टिकट कटाएर घर पडठाईदियौं । सडकमा लावारिस मानिस भेटिनेछैनन । यस्तो मानिस कतै भेटिन्छ भने नागरिकले खबर गरिदिनुपर्छ ।*

***वीरगञ्ज महानगरपालिकाले आश्रममा किन बढी लगानी गरिरहेको छ ?***

*जबसम्म आश्रम गएर कसैले मानवीय सेवा देख्दैन, तबसम्म कसैले यसलाई बुझ्नै सक्दैन । कति जना आश्रित छन्, कति जनाको उपचार भईरहेको छ । कति जना मानसिक रोगीलाई निको पारेर घर पठाईएको छ । साङ्लोले बाँधेर राखिएका मानिसलाई ल्याएर ठिक पारेर पठाइन्छ । यो भन्दा ठूलो कुरा अरु हुन सक्दैन ।*

*भाडा र अन्य व्यवस्थापन वापतको खर्च पनि महानगरले नै दिँदै आएको छ । समय समयमा आवश्यक परेको साधन सामाग्री दिएका छौं । १८ कठ्ठा जग्गा दिएका छौं । जसमा २० करोडको लागतमा आश्रम भवन बन्दैछ । महानगरले २५ लाख रुपैयाँ दिएको छ । जाने बाटो बनाउन ५ लाख खर्च गर्दैनौं । वास्तवमा सरकारले गर्ने काम नै यहि हो । लवारिस सहयोगापेक्षी मानिसलाई उद्दार गरेर खाने, बस्ने र औषधि उपचारको व्यवस्था सरकारले नै गर्नुपर्ने हो । मानव सेवा आश्रम अघि बढेको छ । पूर्ण रुपले गर्न नसकेपनि आंशिक सहयोग गरिरहेका छौं । त्यस्ता मान्छेको उद्धार गर्नु पुण्यको काम हो । पहिला सडकमा धेरै लावारिस मनिसहरु भेटिन्थ्यो । मानव सेवा आश्रमले वीरगञ्जमा मात्रै हैन, अधिराज्यभरी सेवा दिईरहको छ । केन्द्र र संघ सरकारले पनि आश्रमले राम्रो गरिरहेको छ भनेर स्वीकार गरिरहेको छ । अझ यसलाई संस्थागत, पारदर्शी र सेवामुखी बनाउँदै जानुपर्छ ।*

***वीरगञ्जलाई सहयोगापेक्षी सडक मानवमुक्त सहर घोषणा गरिसकेको अवस्था छ तर खुल्ला सीमाले गर्दा अन्यत्रबाट मानिसहरु आईदिने र उनीहरुलाई पाल्नुपर्ने रहेछ । यो स्थितिलाई यस्तै रहने कि परिवर्तनका लागि केहि गर्नुहुन्छ ?***

*मानवीयताको कुनै सीमा हुँदैन, अमेरिकमा गएर कोहि मानिस अलपत्र हुँदा त्यहाँको सरकरले हेर्नुपर्छ । यहाँ के देखियो भने धेरै मानिसहरु मानसिक सन्तुलन गुमाएर आईपुग्छन् । उद्दार गरे, उपचार गरेर ठिक पारेर घर फर्काईएको छ । कुनै पनि मानिस मानसिक सन्तुलन गुमाएको छ भने उसलाई थाहा नै हुँदैन । उसलाई उद्दार गरेर राख्नुपर्छ । उपचारको क्रममा थोरै थोरै कुरा बताउँछन्, त्यसपछि घर खोजेर पठाईन्छ ।*

*अभियान दशैंभरी सञ्चालन गर्ने उद्देश्य छ । २०/२५ जना सामाजिक सेवामा सक्रिय युवाहरु यसमा लागेका छन् । चाडपर्वको समयमा मानसिक सन्तुलन ठिक नभएर भौतारिँदै आएका मानिसलाई उद्दार गर्छौं । चाडवाडमा कसैलाई सडकमा अलपत्र बस्नु नपरोस, छत सबैले पाउन, एक रातका लागि भएपनि वेवारिसे बस्नु नपरोस भनेर अभियान चलाएका छौं ।*

***मानव सेवा आश्रमका लागि अझै के गर्ने योजना महानगरले बनाएको छ ?***

*राम्रो आश्रम भवन बनाउने कुरा नै पहिलो प्राथमिकता हो । आश्रम राम्रो नभएसम्म कसरी व्यवस्थापन गर्ने ? जहाँ राखिरहेका छौं, त्यहाँ ६१ जना छन्, त्यो ठाउँले पुगिरहेको छैन । ठूलो फराकिलो ठाउँ चाहिन्छ, जहाँ २/३*



*सय जनालाई व्यवस्थापन गर्न सक्छौं । क्षेत्रिय हिसाबले प्रयोग गर्न खोजिरहेका छौं । किन अरु अरु ठाउँका लागि पनि यही ल्याएर राखौं । अलग अलग ठाउँमा व्यवस्थापन गर्दा धेरै खर्च हुन्छ । उद्दार गरेर ल्यायो राख्यो, अनि त्यसपछि सेन्टरमा पठाउने व्यवस्था मिलाउनुपर्छ । १८ कठ्ठा भनेको सानो ठाउँ छैन । त्यहाँ उनीहरुलाई कुनै यसो काम अल्झाउने जुन उनीहरुलाई मन पर्छ । बन्द गरेर राख्नु हुँदैन, छिटो स्वस्थ पार्नुछ भने केहि न केहि गतिविधिमा लगाउनुपर्छ । उनीहरुको जिविकोपार्जन पनि गराउन सकिन्छ । मानव सेवा आश्रमको भवन बनाउन अन्य पालिकासँग पनि सहयोगका लागि कुरा भईरहेको छ कि ?अब छिट्टै आसपासका सबै पालिकालाई बोलाउँछौं । महानगरसँग जोडिएका बाराको कलैया जीतपुर सिमरा उपमहानगरपालिका, विश्रामपुर गाउँपालिका छन्, जिल्लाको पश्चिमतिर पर्सागढी, बहुदरमाई नगरपालिका र विन्दबासिनी गाउँपालिका छ । त्यहाँका प्रमुखलाई बोलाउँछौ, दानवीरलाई बोलाएर अभियन नै सञ्चालन गर्छौं । छिटो भन्दा छिटो पैसाको बन्दोबस्त होस र मानव सेवा आश्रमको भवन बनोस भन्नेमा हाम्रो ध्यान छ ।*

## वीरगञ्जका विद्यालयको निरन्तर अनुगमन

असोज १६ गते आईतवार दिउँसो सवा १ बजेको थियो । वीरगञ्ज(३१ चोर्नी चुनली स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालयकी शिक्षिका बबिता चौधरी सिक्स लेन सडक तर्फ जाँदै थिईन् । विद्यालयको आकस्मिक अनुगमन गर्न निस्किएका वीरगञ्ज महानगरपालिका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरबिन्द लाल कर्णले 'कता हिँड्नुभयो मेडम ? भनेर सोधे । उनले 'चोकतिर काम छ, त्यसैले जान लागेको सर ' भनेर जवाफ फकाईन् । हुन त टिफिनको समयमा उनी बाहिर निस्किएकी रहिछन्, तर उनको विद्यालयमा पुग्दा अधिकांश विद्यार्थी घर गईसकेका थिए ।

विद्यालयमा १ बजेदेखि ४५ मिनेटको टिफिन हुन्छ । कक्षा ४ मा टिफिन पछि १ जना, ३ र ५ मा एक जना विद्यार्थी थिएनन ।

शिक्षक सियाराम पण्डितले विद्यालयमा खाजा कार्यक्रम सञ्चालन हुन नसक्दा टिफिनपछि विद्यार्थी नबस्ने गरेको बताए । 'विद्यालयमा खाजा कार्यक्रम चलेको भए तल्लो कक्षाका विद्यार्थी बस्थे, तर अहिले टिफिनपछि विद्यार्थी नै बस्दैनन ।' उनले भने 'हामीले रोकेर पनि मान्दैनन् । खाजा खान गएका एक दुई जना विद्यार्थी मात्रै फर्केर आउँछन् ।' प्रधानाध्यापक विद्यालयमा थिएनन् । शुरुमा प्रधानाध्यापक काम विशेषले महानगर गएको बताएका शिक्षकहरुले पछि छात्रवृत्तिको पैसा निकाल्न बैंक गएको भने । विद्यालयले साढे ६ लाख ८ वटा कम्युटर किनेको छ । ई(हाजिरीको व्यवस्था छ । तर बिजुली छैन । विद्युत प्राधिकरणमा बुझ्दा लाईन नकाटिएको आन्तरिक समस्याका कारण विद्युत आपूर्ति बन्द भएको जानकारी पाईयो । विद्यालयमा प्रयोग गर्न दिईएको ल्यापटप प्रधानाध्यापकले घरमा लगेर राखेको शिक्षकहरु बताउँछन् । स्मार्ट कक्षाका लागि महानगरले दिएको समान स्टोरमा थक्याईएको छ ।



विद्यालय परिसर र शौचालय फोहार थियो । विद्यालयमा शुद्ध खानेपानीका लागि जडान गरिएको धारा चोरी भएको रहेछ । माथिल्लो कक्षामा विद्याथी संख्या राम्रो भएपनि कक्षा व्यवस्थापन हुन सकेको छैन । एउटा बेञ्चमा ४ जना कोचिएर बस्नुपर्ने बाध्यता रहेको विद्यार्थीले सुनाए । पुस्तकालयमा पुस्तक नभएको, नयाँ कम्प्युटर भएपनि माउस राम्रोसँग नचल्ने, डिस्प्ले नदिने खालको रहेको, शिक्षकले कक्षा कोठामा नै मोबाईल चलाउने गरेको गुनासो उनीहरुको छ । शिक्षक नभएका कारण कक्षा ८, ९ र १० मा अंग्रेजी विषय पढाई नहुने गरेको विद्यार्थीको भनाई छ । अनुगमन टोलीले हाजिर नगर्ने तीन जना शिक्षक कर्मचारी दुई दिनको हाजिरी काटिदिएको छ । विद्यार्थी हाजिरी पुस्तिका नियन्त्रणमा लिएको छ । शैक्षिक महाशाखा प्रमुख कर्णका अनुसार विद्यार्थी उपस्थिति पुस्तिका नयाँ ढाँचा अनुसार प्रयोग गर्न, कुनै पनि कक्षामा भदौं महिनामा हाजिरी नै नगरेको पाईएको, विद्यार्थी उपस्थिति न्युन रहेको तर हाजिरी पुस्तिकामा विद्यार्थी संख्या अत्याधिक देखिएको, प्रधानाध्यापक, शिक्षक कर्मचारीबीच समन्वय नदेखिएको, सामाग्री खरिद प्रक्रिया पारदर्शी नदेखिएको, शिक्षक प्रधानाध्यापक बिना सूचना अनुपस्थित देखिएको, विद्यालयको सम्पत्ति निजी प्रायोजनमा प्रयोग गरेको, बुक कर्नर नदेखिएको, बाल विकास लगायत केहि कक्षामा एक जना पनि विद्यार्थी नभएकोले के कति कारणले त्यसो भएको हो भनि प्रधानाध्यापकलाई ३ दिन भित्र स्पष्टिकरण सोधिएको छ । त्यस्तै शौचालय आदिको सरसफाईमा ध्यान दिन पनि निर्देशन दिईएको उनले बताए । विद्यालयको दुरा अवस्था देखेर वडा अध्यक्ष नै दु:खी

शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्ण, वीरगञ्ज( २१ का वडा अध्यक्ष मोहम्मद हबिब मियाँ १७ असोज आईतबार दिउँसो ३:१० मा नेपाल राष्ट्रिय प्राथमिक विद्यालय परवानीपुर पुगे । हाजिरी रजिष्ट्रमा भएको र विद्यार्थी उपस्थित संख्या आकाश जमिनको फरक दखियो । खुलेपछि एक दिनपनि विद्यालय नआएका धेरै विद्यार्थीको नाम रजिष्ट्रमा छ । विद्यालय आएका अधिकांश विद्यार्थी टिफिनपछि घर गईसकेका थिए ।

कक्षा १ मा जम्मा विद्यार्थी २५ जना, आईतबार हाजिर भएका १७ जना, कक्षा २ मा जम्मा विद्यार्थी ६७ जना हाजिर २७ जना, कक्षा ३ मा नाम लेखएका ७५ जना मध्ये हाजिर हुने १२ जना, कक्षा ४ मा ४९ जनामा ९ जना उपस्थित, कक्षा ५ मा ३४ जनामा ५ जना मात्रै उपस्थित थिए । माथिल्लो कक्षाका विद्यार्थीले पनि अक्षर राम्रोसँग चिन्न सकेनन ।

वि.स. २०१२ सालमा स्थापित विद्यालयको गौरवपूर्ण ईतिहास छ । त्यतिबेला नेपालमा शिक्षक नभएका कारण भारतबाट ल्याएर पढाईन्थ्यो । वडा अध्यक्ष मियाँ विद्यालयको अवस्था सुधार्न गरिएको प्रयत्न खेर गएको अनुभूति आफूले गरेको बताए । ' विद्यालयको तीन कोठे भवन जीर्ण छ, मर्मत संभारका लागि बजेट छुट्याएको छु ।' उनले भने ' विद्यालयको स्थिति हेरेर के सहयोग गर्ने जस्तो लाग्छ । जति आग्रह गर्दा पनि प्रधानाध्यापक, शिक्षक जिम्मेवार देखिएनन् ।'

हाजिरीमा बढी विद्यार्थी संख्या पनि उपस्थिति त्यस अनुसार नभएको, शिक्षक विद्यालय पोशाकमा नदेखिएको, सरसफाईमा ध्यान नदिएको, कोभिड सुरक्षा मापदण्ड पालना नगरेको पाईएको शैक्षिक महाशाखा प्रमुख कर्णले बताए । विद्यालयको भौतिक अवस्था सुधार्नका लागि प्राविधिक मार्फत लागत अनुमान तयार गरी महाशाखामा पेश

बांकी तेश्रो पेजमा

## सम्पादकीय



# तपाईको मास्क खै ?

वीरगञ्ज महानगरपालिका, मातहतका वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा लिन अनिवार्य मास्क लगाउन भन्यो । बजारमा भिडभाड नगर्न, सामाजिक दुरीको पालना गर्न पनि नगरबासीलाई आग्रह गर्दै आएको छ । तर व्यवहारमा भने परिवर्तन आउन सकेको छैन । वीरगञ्जमा कोरोना संक्रमणको दर घटेको छ । सञ्चरमाध्यमले पनि कोरोना भाईरसलाई बिर्सेका छन् । दशैं लागेको छ । दशैं नै दशा बन्ने हो कि भन्ने चिन्ता बढेको अवस्था छ । किनकी दशैं, तिहार र छठ पर्वमा सर्वसाधरणको चलहपहल बढ्छ । भारतीय गाडीले नेपाल प्रवेश अनुमति पाएपछि भारतीय नागरिक पनि घुम्न तथा अन्य कामका लागि अउने क्रम बढेको छ । लाखौं मानिसहरु भारत लगायत अन्य मुलुकबाट चाड मनाउन घर फर्कन्छन् ।

कोरोना संक्रमणको अर्को लहर आउन सक्ने चेतावनी जनस्वास्थ्य विज्ञहरुले दिंदै आएका पनि छन् । नेपालमा मात्रै हैन, भारतमा पनि यी चाडवाडमा भिडभाड हुन्छ । वीरगञ्ज(रक्सौल सीमा नाकामा वीरगञ्ज महानगरले एन्टीजेन टेष्ट त गर्ने गरेको छ । तर सबैको टेष्ट गर्न सक्ने अवस्था छैन ।

संघ र प्रदेश सरकारले आवश्यक सहयोग नगरेको स्थिति छ । स्वास्थ्य मापदण्डको पालना गर्न भनिएको छ । जनस्तरबाट त्यसको पालना भएको देखिँदैन । यसले जोखिमलाई बढाउँछ । ध्यान दिनुपर्ने कुरा के हो भने, कोरोना भाईरस संक्रमित मानिसको ऱ्यालबाट सर्छ । त्यसलाई रोक्ने प्रभावकारी उपाय भनेको मास्क लगाउने नै हो ।

वीरगञ्ज महानगरका प्रमुख विजय कुमार सरावगीले सबै कार्यालयमा सेवा लिन र दिन अनिवार्य मास्क लगाउन आग्रह गरे । सेवाग्राही मात्रै हैन कर्मचारीलाई पनि बिना मास्क कार्यालय प्रवेश गर्न नदिन भने । मास्क अरुको सुरक्षाका लागि भन्दा आफ्नै सुरक्षाका लागि हो । परिवारको सुरक्षाका लागि हो भन्ने बुझ्नुपर्छ । खोप लगाए पनि कोभिड संक्रमण भई मानिसको मृत्यु भएको घटना सार्वजनिक भईरहेका छन् । ६० प्रतिशत भ्याक्सिनेसन नहुँदासम्म जोखिम कायम रहन्छ । कोरोना संक्रमण घट्दै गएपछि वीरगञ्जमा लापरबाही बढ्दै गएको छ । मास्कको प्रयोग, सामाजिक दुरी कायम गर्ने, साबुन पानीले हात धुने वा स्यानीटाईजर लगाउन नगरबासीले छोडिसकेका छन् ।

मास्क नलगाउनु भनेको आफ्नो खुट्टामा बञ्चरो हानेको जस्तै हो । मास्कले कोरोना भाइरसको संक्रमण मात्रै हैन, अन्य विभिन्न संक्रमण र धुलोबाट पनि बचाउँछ । हामीले मैले लगाएको मास्कले तपाईलाई सुरक्षा दिन्छ, तपाईले लगाएको मास्कले मलाई सुरक्षा दिन्छ भन्ने कुरा एक अर्कालाई भन्नुपर्छ ।

तर कत्ति डराएको के वीरगञ्जमा कोरोना छैन भनेर हुँदैन । कान वा चिउँडोमा राख्दैमा मास्क लगाएको हुँदैन । चिउँडोमा लगाएको मास्कले कोरोना संक्रमणबाट बचाउँदैन । नाक मुख छोपिनेगरि मास्क लगाउनुपर्छ । मास्क लगाउँदा जिम्मेवार नागरिकको परिचय मिल्छ । आफ्नो र परिवारको स्वास्थ्यका लागि मास्क अनिवार्य प्रयोग गरौं ।

## विश्व मानसिक स्वास्थ्य दिवस

# मानसिक रुपमा कसरी स्वस्थ्य बन्ने ?

डा. सिपी सेडाई

विश्वका मानसिक रोगीहरुको संख्या बढ्दो छ । विश्व स्वास्थ्य संगठनले दिएको जानकारी अनुसार करिब २५ प्रतिशत मानिस कुनै न कुनै प्रकारको मानसिक समस्याबाट पिडीत छन् । विश्वमा हरेक बर्ष १० अक्टोबरमा मानसिक स्वास्थ दिवस मनाइन्छ । यस बर्षको नारा 'मेन्टल हेल्थ केयर फर अलस् लेट्स मेक इट अ रियालिटी' भन्ने छ ।

मानसिक रोगलाई हाल मनोरोग भनिन्छ । मनोरोग अन्तरगत अति सामान्य समस्या टेन्सन हेड्याकदेखि अति कडा रोग सिजोफोर्नियासम्म पर्दछ । विश्वमा करिब ५० करोड मानिस कुनै न कुनै प्रकारको मनोरोगबाट पिडीत छन् । विश्वका १० खतरनाक रोग जसले मानिसको दैनिक क्रियाकलापमा असर गर्छ जसमध्ये ५ वटा मानसिक रोगका कारणले गर्दा हुन्छ। तिनीहरु डिप्रेसन, मेनिया, सिजोफोर्निया, दूर्व्यसनी र डिमेन्सिया पर्दछन् । डिप्रेसन रोग सबैभन्दा बढी पाइने मनोरोग हो । नेपालमा मनोरोगका बिरामीलाई उपचार गर्ने जनशक्तिको कमी छ । साइक्याट्रिक मनोरोग विशेषज्ञ, साइक्याट्रिक नर्स, साइकोलोजिष्ट र सामाजिक कार्यकर्ता मनोरोगका बिरामीको उपचारमा संलग्न रहन्छन् । नेपालमा मनोरोगीका बिरामीको मानसिक अस्पताल, मेडिकल कलेज, सरकारी अस्पताल र निजी अस्पतालमा उपचार हुने गरेको छ । केही गैरसरकारी संस्थाले पनि मानसिक रोगको उपचार गर्न सहयोग गर्दै आएका छन् ।

कोरोना भाइरसका कारण आज विश्वभर त्रास छ । विश्वको इतिहासमा यति ठूलो महामारी पहिलो हो । यसलाई भाइरससँग मानवजातिको विश्वयुद्ध भन्दा अत्युक्ति नहोला । विश्वका धेरै देशा यसले लकडाउन गरायो । चीनको उहान शहरबाट सुरुभएको यो महामारी अमेरिका, युरोप लगायत विश्वभर फैलिएको छ। यसले विश्वमा धेरै धन जनको क्षति भएको छ । दक्षिण एसियामा पनि यसको ठूलो क्षति भोग्नुपर्यो ।

नेपालमा कोरोनाको कारण मानसिक समस्य निकै बढेको छ । हाल कोरोनाको कारणले एन्जाईटी डिसअर्डर, डिप्रेसन, पोष्ट ट्रुमाटिक स्ट्रेस डिसअर्डर, हिस्टेरिया जस्ता रोग बढी देखिएका छन् । हाल कोरोनाको तेस्रो लहर आउने अनुमान गरिएको छ । अहिलेको अबस्थामा व्यापक जनचेतना फैलाउनु, खोप सबैलाई लगाउनु नै र आर्थिक रूपले सबल बनाउनु अति आवश्यक छ । मानसिक रोग अति सामान्यदेखि निको पार्न कठिन हुनेसम्मका हुन्छन् । सामान्य खालका मनोवैज्ञानिक समस्या २५(३० प्रतिशत सम्म मानिसको जीवनमा विभिन्न समयमा पाईन्छ । खासगरी मानिसमा परेको समस्यासँग जुध्न नसक्दा मानसिक रोग लाग्न पुग्छ । तर वंशानुगत रुपमा पनि मानसिक रोग लाग्ने संभावना देखिन्छ । मिहनेत गर्न नछोड्ने, अनावश्यक कुरामा बारम्बार एकोहोरो सोचाई नगर्ने, लागु पदार्थ सेवन नगर्ने अनि मनमा रहेको समस्या अरुलाई बाँड्ने गर्नाले मानसिक रोग लाग्ने सम्भावन कम रहन्छ ।

### मानसिक रोग कस्ता कस्ता हुन्छन ?

क) सामान्य खालका मानसिक रोग

एन्जाइटी डिसअर्डर (डर लाग्ने समस्या)( मानिसमा डर लागिरहने, मुटु ढुकढुक गर्ने, हात हल्लने, टाउको दुख्ने, अचानक डराउने समस्या हुन्छ। जुन औषधि सेवन र साइकोथेरापी गरे निको हुन्छ ।

कनभर्सन डिसोसिएटिभ डिसअर्डर( अचानक हात खुट्टानचल्ने, छातीमा स्वास फेर्न गाह्रो हुने, उल्टो कुरा गर्ने, बोली रोकिने, बक्ने (एयटा अर्का भई बोल्ने), काम्ने, बिर्सने आदि लक्षण लिई यस्ता बिरामी अस्पताल आउँछन् ।

टाउको दुखने समस्या( मनिसमा टाउको दुख्ने समस्या बढ्दो छ। खासगरी टेन्सन हेड्याक, माइग्रेन आदी बिरामीहरु निकै लामो समस्या लिएर आउँछन् ।

बालबालिकामा देखिने मनोवैज्ञानिक समस्या( बालबालीकामा चकचक गर्ने, रिसाउने, चोर्ने, झगडा गर्ने, स्कूल जान नमान्ने, स्कूलबाट भाग्ने, एक्लै बस्ने आदी समस्या पाईन्छ। साथै बच्चामा डिप्रेसन वयस्कमा भन्दा फरक लक्षण लिई देखा पर्छ ।

सोमोटाइजेशन डिसअर्डर( यो यस्तो रोग हो, जसमा शरीरका विभिन्न अंगका धेरै लक्षणहरु लिएर बिरामी उपचारका लागि चिकित्सककहाँ पुग्छन् । जस्तै: टाउको दुख्ने, पेट दुख्ने, हात खुट्टा हल्लिने आदि। मानिसहरु विभिन्न डाक्टरकहाँ उपचारका लागि पुग्छन् । तैपनि आफ्नो समस्या निको भएको महसुस गर्दैनन् । विभिन्न ल्याब परीक्षण गराउँदा पनि कुनै खराबी देखिँदैन । जुन साइकोलोजिकल कारणले भएको उनीहरुलाई थाहा नै हुँदैन । कहिलेकाहीँ बिरामीहरु आफूलाई क्यान्सर भएको, एड्स भएको शंका गरेर पनि अस्पताल आउँछन् ।

बच्चा जन्माएपछि आमामा देखिने मानसिक रोग( महिलाहरु बच्चा जन्माएपछि आफूलाई मानसिक असन्तुलन भएको डिप्रेसन महसुस गर्दछन् । यस्तो रोग उपचारपछि पूर्णरुपमा निको हुन्छ ।

निद्राको समस्या( मानिसमा निदाउन गाह्रो हुने, निद्रामा डराउने, निद्रामा हिंड्ने समस्या पाईन्छ, जुन उपचार गरे निको हुन्छ ।

### ख) मध्यम खालका मानसिक रोग

डिप्रेसन( यो रोगका विरामीहरु निराश हुने, दिकक हुने, नराम्रो हसने, बारम्बार रुने, हातखुट्टा झमझम गर्ने, टाउको दुख्ने, बाँच्न भन्दा मर्न बेस भन्ने र कतिपय बिरामीले आत्महत्या गरेको पनि पाइएको छ । डिप्रेसन नेपालमा पाइने एउटा मूख्य मानसिक रोग हो । जीवनभरमा २०(२५ प्रतिशत मानिसमा डिप्रेशन हुन्छ। यो उपचार गरे निको हुने रोग हो ।

लागूऔषध र रक्सीको समस्या( खासगरी स्कूल जाने, हाई स्कूल तथा कलेज जाने विद्यार्थी लागूऔषध सेवन गर्ने कुलतमा फसेको देखिन्छ । विभिन्न प्रकारका खोकिको औषधि, गाँजा टिजोजेसिक र हिरोइन जस्ता औषधि लिँदा मस्तिष्कमा असर पर्दछ । उनीहरु एकपटक लिएपछि छोड्न सक्दैनन् । कतिपय अवस्थामा चोर्ने आदि अपराधमा उनीहरु संलग्न भएको पाइएको छ । अर्को समस्या रक्सी सेवन गर्ने हो । जब मानिसले रक्सी लिन थाल्छ, दिनदिन उसले लिने मात्रा बढ्न थाल्छ । पछि ऊ बिहान पनि रक्सी नलिई बस्न सक्दैन । उसमा छारेरोग देखिने, होस हराउने, पेट पोल्ने, मुटुको रोग, कलेजोको रोग, डिमेन्सिया तथा डर लाग्ने र डिप्रेसन जस्ता रोग लाग्ने संभावना बढी रहन्छ । जुन उपचार गरे निको पार्न सकिन्छ ।छारे रोग( अचानक शरीर कडा हुने, काम्ने, र बेहोस हुने, आँखा हल्लिने, जिब्रोमा चोट लाग्ने आदि समस्या लिई धरै बिरामी आउँछन्। कतिपय बच्चामा एक देखि दुई मिनेट टोलाइ मात्र रहने पनि एक प्रकारको छारे रोग हो। यो

बांकी तेश्रो पेजमा

# बारा-पर्सा औद्योगिक करिडोरका समस्या र सरोकारवालाको जिम्मेवारी

हरि गौतम

नेपालमा औद्योगिक विकासका लागि अनेकौं प्रयासहरु भएका छन् । सरकारी र निजीक्षेत्र विदेशी लगानी ल्याउन प्रयत्नरत छन् । विभिन्न फोरममा यसबारे छलफल, अर्न्तक्रिया, गोष्ठी सम्मेलन भएका छन् । सरकारले विभिन्न देशमा रहेको दुतावास र गैर आवासिय नेपाली एनआरएनलाई लगानी भित्र्याउन आव्हान गरिरहेको छ । तैपनि उद्योग व्यवसायमा अपेक्षित विकास हुन सकेको छैन । आयात निर्यात असन्तुलित छ । निर्यात हुने वस्तुमा समेत सही मूल्य अभिवृद्धि भएको छैन । उत्पादनमूलक उद्योगहरुको अवस्था दयनीय छ । किन त ? कहाँ कहाँ कमी(कमजोरीहरु छन् । अब निर्मम समिक्षा गर्नुपर्छ ।

बारा(पर्सा औद्योगिक कोरिडोर एक महत्वपूर्ण औद्योगिक कोरिडोर हो । तर राज्यले यसलाई औद्योगिक करिडोरको संज्ञा दिन सकेको छैन । जसका कारण उद्योगी, व्यवसायीले विभिन्न समस्या झेल्नुपरेको छ । काठमाण्डौं लगायत देशका सबै क्षेत्रहरुमा यातायातको सुगमता, दुरीको कमी, भारत लगायत तेस्रो देशसँगको व्यापारमा सहजता, आईसीपी/आईसीडी जस्ता बलिया पूर्वाधार, श्रमिकको सहज उपलब्धता यहाँ छ । त्यति मात्रै हैन, कृषि उद्यम तथा नगदे बालीको लागि कच्चा पदार्थको सही आपूर्ति यहाँका विषेशता हुन् । यसरी हेर्दा यो क्षेत्रमा थप उद्योगहरु जुन किसिमले आकर्षित हुनुपर्ने हो तर भएको छैन । किन ? यो खोजीको विषय हो । नयाँ उद्योग स्थापनाको गति सुस्त छ । अधिकांश उद्योग पूर्ण क्षमतामा चलिरहेका छैनन् । विस्तारै उद्योगहरु बन्द हुने अवस्था तर्फ उन्मुख छ । किन त ? उत्तर राज्यले पनि खोज्नुपर्छ होला नी हैन र ? के राज्यले उद्योगी व्यवसायीसँग कर मात्रै लिने हो ? उद्योग स्थापनाका लागि आवश्यक वातावरण बनाउनुपर्दैन ?

पर्यटन यातायात तथा अन्य सेवा क्षेत्रका उद्योगहरुमा अनेकौं समस्या छन् । समस्या पहिचान गरी समाधानका विकल्पहरु खोजीनुपर्छ । भन्ने निष्कर्ष हामीले निकाल्यौं । त्यसका लागि नेपाल सरकार, संघीय उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश सरकार, नेपाल उद्योग वाणिज्य महासङ्घ, स्थानीय सरकारलाई आवश्यक सुझाव दिन र औद्योगिक नीतिमा उद्योगी व्यवसायीका सुझाव मनन गर्न आग्रह गर्दै पनि आएका छौं । हामीले पनि कोरिडोरका औद्योगिक प्रतिष्ठानहरु समेतको सक्रिय सहभागितामा छलफल, अर्न्तक्रियाका माध्यमबाट प्रतिवेदन तयार गर्ने सोच बनाएका छौं ।

बारा(पर्सा औद्योगिक कोरिडोरमा विद्यमान समस्या र समाधानका उपायहरु, उद्योग, व्यवसाय, श्रम तथा समाजिक सुरक्षा क्षेत्रमा भोग्नु परिरहेका समस्या र समाधानका उपायहरु, कृषि, वन, उत्पादनमूलक, सेवा क्षेत्रका उद्योगहरु सहित अलग(अलग क्षेत्रका समस्याहरु र ती क्षेत्रमा देखिएका सम्भावनाहरु, यस क्षेत्रको लागि लिइने औद्योगिक नीति, राजश्व आदिका विषयमा सरोकारवाला पक्षबाट सुझाव लिने काम भईरहेको छ । सबैबाट प्राप्त सुझावहरु कम्पाइल गरी उद्योग समितिले कार्यपत्र तयार गर्ने र कार्यपत्रमा व्यापक छलफल गरी आएको निष्कर्ष सम्बन्धित निकायमा जानकारी तथा कार्यान्वयनको लागि लबिङ्ग समेत गर्ने योजना हाम्रो हो । हामीले पहिचान गरेका औद्योगिक विकासका मुख्य २२ समस्याहरु :

राजनैतिक अस्थिरता,
औद्योगिक असुरक्षा
प्रतिकूल श्रम कानून
रोजगारदाता र श्रम सङ्गठन बीचको कटु सम्बन्ध
गुणस्तरीय ऊर्जाको समस्या
कमजोर औद्योगिक पूर्वाधार
सक्षम व्यवस्थापकीय एवम् श्रमिक जनशक्तिको अभाव
नयाँ प्रविधि अपनाउने क्षमतामा कमी र उपलब्धता नहुनु
निर्यातयोग्य वस्तुहरुको पहिचान र प्रोत्साहनको कमी र कमजोर आपूर्ति व्यवस्थापन
स्थानीय जनसमुदायसँगको स्वार्थको लडाई र स्थानीय स्तरबाट हुने व्यवधान
निर्वाहमुखी उद्योग व्यवसायको सोच र गर्ने तरिका
लगानीको कमीको साथै असुरक्षा
झण्झटिलो बैंकिङ्ग प्रणाली
उत्पादन लागतको अधिकतम वृद्धि, प्रतिस्पर्धात्मक वातावरणको कमी
औद्योगिक क्षेत्रको कमी
सरकारको कठोर नियमन पद्धती, अस्पष्ट र झण्झटिलो कानून हुनु, दुःख र अनुदार र झण्झटिलो कर प्रणाली
कठोर भौगोलिक चुनौती
कमजोर शान्ति सुरक्षाको स्थिति
उत्पादन एवम् ढुवानीमा कठोर सिण्डिकेट
४१५ वन क्षेत्रलाई आर्थिक गतिविधिमा समाहित गर्न नसक्नु
उत्पादनमूलक उद्योगमा राज्यको कम प्राथमिकता र आयात राजस्वमा बढी जोड
कुशासन, भ्रष्टाचार र अकर्मणता सरकारी संयन्त्र र अति नियमन प्रणाली

यी चुनौतीलाई परास्त गर्दै मुलुकमा औद्योगिक विकास नगरी नहुने

बांकी तेश्रो पेजमा

"करमा प्राप्त छुटको फाईदा उठाई समयमै कर तिरौं, जरिवानाबाट बचौं" "बीरगञ्ज नगरलाई समृद्ध बनाऔं"

# विश्व ......

उपचार गरे निको हुन्छ। यो रोगमा औषधि ४ वर्षसम्म सेवन गर्नु पर्छ।
अब्सेसिभ कम्पल्सिभ डिसअर्डर( यो यस्तो रोग हो, जहाँ मन अत्यन्त कमजोर हुन्छ। मनमा विभिन्न सोचाई र दृश्यहरु आइरहन्छन् । मनमा लिन्न भने पनि त्यस्ता सोचाइ आउनाले बिरामी आत्तिन्छ। उसलाई ती सोचाई आउनाले उसमा छटपटी भइरहन्छ । साथै चुकुल लगाई सकेपछि पटक पटक हेर्नुपर्न, हात बारम्बार धोई रहनु पर्ने आदि समस्या रहन्छ सुस्त मनस्थिति( यस्ता बिरामीमा बौद्विक क्षमता कम हुन्छ। दैनिक जीवनमा यस्ता बिरामी सिक्ने, काम गर्ने, पढ्ने कुरामा निकै पछि पर्छन् । यसलाई बुद्वि कम भएको पनि भनिन्छ । उपचार गरे बिरामी राम्रो हुन्छन्, तर उनीहरुलाई सीप सिकाई बुद्वि अनुसारको काम लगाउनु पर्दछ ।

**ग) कडा मानसिक रोग**

बाइपोलर एफेक्टिभ डिसअर्डर( माथी वर्णन गरे जस्तै कहिले मेनिया हुने र कहिले डिप्रेसन देखिने रोगलाई बाइपोलर एफेक्टिभ डिसअर्डर भनिन्छ। मेनिया भई फेरि मेनिया दोहोरिए पनि त्यसलाई बाइपोलर एफेक्टिभ डिसअर्डर भनिन्छ। यो रोग चार देखि पाँच महिना बढ्ने र त्यसपछि निको हुने फेरि एक देखि दुई वर्षमा अर्को पटक उही समस्या देखिने हुन्छ ।

सिजोफेर्निया( यो यस्तो रोग हो, जसमा बिरामीलाई आफू बिरामी भएको थाहा हुँदैन। बिरामी एक्लै बस्दा कानमा आवाज आउँछ । बिरामी अरुसँग शंका गर्ने, सर संगत छाड्ने र एक्लै बस्ने, दैनिक काममा ध्यान नदिने, सफा सुग्घर गर्न छाड्ने, घरबाट भाग्ने हुन्छ ।

**मानसिक रोगका कारणहरु**

( वंशानुगत रुपमा सर्ने
( न्यूरोट्रान्समिटरको को गढबढी जस्तै डोपामाइन, सेरोटोरिन र नोरपिरेफ्रिन
( पर्सनालिटी फ्याक्टर (बिरामी हुनु अघिको व्यक्तित्व)
( तात्कालिन घटनाक्रम जस्तै मानिस मर्नु, नोक्सानी हुने कुनैपनि घटना घट्नु
( पारिवारिक अस्वस्थ्य सम्बन्ध
( गर्भावस्थामा संक्रमण, मस्तिष्कको वृद्धिमा रोक आदि
( टाउकोको चोटपटक

**मानसिक रोग लागेको कसरी चिन्ने ?**

(मानिसमा धेरै अंगका जटिल लक्षण एकैचोटी देखिएमा
( अनौठो व्यवहार देखापरेमा
( एक्लै बोल्ने, एक्लै हाँस्ने गरेको देखेमा
( अरुदेखि शंका गर्ने देखिएमा
( आत्तिने, डराउने, चिन्ता गर्ने, घरबाट भाग्ने गरेमा मानसिक रोग बारे जान्नै पर्ने कुरा
( मानसिक रोग अति सामान्य (जस्तै टाउको दुख्ने मात्र) देखि कडा खालका (एक्लै बोल्ने, एक्लै हाँस्ने) सम्मका हुन्छन् । सामान्य खालको मानसिक समस्या हुँदा आत्तिनु हुँदैन र उपचार गर्न पनि हिचकिचाउनु हुँदैन । कडा मानसिक रोगका बिरामीलाई परिवारका सदस्यको सहयोग अति आवश्यक छ ।
( मानसिक रोग लाग्नु पापको फल होइन ।
( उपचार गरे मानसिक रोग निको हुन्छ ।
( मानसिक रोगका बिरामीलाई सबैले सहयोग गर्न पर्छ ।
( उपचार गरिरहेका मानसिक रोगका विरामीले डाक्टरको सल्लाह बिना आफैं औषधि छाड्नु हुँदैन ।
( उपचारको क्रममा विभिन्न ल्याब परीक्षण गर्दा पनि कुनै रोग नदेखिएमा त्यो मानसिक रोग हुने सम्भावना धेरै रहन्छ ।
(मानसिक रोगको उपचारमा काउन्सिलिङ (साइकोथेरापी) र इसिटी (विद्युतिय उपचार) को पनि ठूलो भूमिका रहन्छ ।
( मानसिक रोगका बिरामीहरु घरपरिवार, समाज तथा द्वन्दको कारण शोषणमा पर्न सक्छन् । उनिहरुको मानवअधिकारको संरक्षण गर्नु ।
( साइकोसिस तथा सिजोफेनिया
( मानिस काम्ने र बक्ने वनको भगतले होइन मनको आन्तरिक पिडाले गर्दा हुन्छ ।

मानसिक रोगको उपचार बिधि
१ साइकोथेरापी
२) औषधि प्रयोग
३) विद्युतीय उपचार

मानसिक रुपमा कसरी स्वस्थ्य बन्ने ?

**१.कहिलेकाँही कुनै घटना परिस्थिति तथा वाध्यता पछि हाम्रा मन भौतारिन सक्छ।**

यस्तो अवस्थामा मन एउटै कुरामा घुमाई रहन हुँदैन बरु मन परिवर्तन गर्नु पर्छ। कुनै नराम्रो अनुभव मनमा लिइरहँदा हाम्रो मस्तिस्कमा समेत असर पुर्याउछ। शरिर तात्छ, मुटुको धड्कन बढ्छ र छटपटि हुन्छ त्यसैले अनावस्यक कुरामा एकोहोरो गहिरो सोचाँई नगर्ने ।

**२.अर्काको उपलब्धिलाई सजिलै ग्रहण गर्ने र खुसी हुने**

हामी हाम्रो प्रगति चाहान्छौं यो राम्रो पक्ष हो। तर हामीमा केही गलत धारणा पनि रहन सक्छ। अर्काले प्रगति गर्दा आफूलाई 'नकारात्मक मुल्यङकन गर्ने' यो असाध्यै नराम्रो बानी हो । त्यसैले मनलाई ठूलो पार्नु पर्छ, संकिर्ण पार्नु हुँदैन। धेरै मानिसहरु यस्ता समस्याबाट पिरोलिएका हनसक्छन् ।

जसले गर्दा मनमा अशान्ति फैलन्छ, हामीलाई मनोरोग लाग्न सक्छ । प्रगतिशिल, सच्चा सोचाई 'बाँच र बचाऔं'का भावना मनमा जागेको हुन पर्छ, हामी आफू भन्दा सानालाई कसरी सहयोग गर्ने र आफू सरहको प्रगतिमा साथ दिनु पर्दछ । नकी आफूलाई अवमूल्यन गर्ने होइन ।

**३. पुराना रुढिवादी कुरामा विस्वास गर्नु हुँदैन ।**

बाटो हिँड्दा बिरालोले बाटो काट्यो वा रित्तो गाग्री देखियो भने अशुभ हुन्छ भन्ने गलत विस्वास छ । त्यसैले यस्ता बस्तु देख्दा मन वेचैन बनाउन हुँदैन, मन ढुक्क नै हुनु पर्छ। किनभने यसमा कुनै सत्यता नै छैन। राशिफल, हेराउने, भुतप्रेत बोक्सीको युगको अन्त्य भइसक्यो। त्यस्तै यस्ता कुरामा चिन्ता लिई समय बरवाद नगर्ने । बरु सफा पानी ताजा खानेकुरा खाने, राती बाटोमा हिँड्दा भूत लाग्छ भन्दै मन डराएर ढुङ्गो देखि तर्सेर पनि मानिस बिरामी हुन्छ। मनोराग लाग्न पुग्छ ।

त्यसैले पुराना गलत चलन पनि हटाउन पर्छ । कसैलाई बोक्सी भनेर कुट्ने गरिन्छ, जबकी बोक्सी भन्ने नै हुँदैन। त्यसैले हाम्रो गाउँघरमा पनि आधुनिक चेतना जगाउन आवश्यक छ । मरेको मानिसको आत्मा मनमा आउँछ भन्ने वा मरेको मनिसले दुख्ख दिएको आदि गलत विस्वास छ। यस्ता गलत कुरामा अल्झिएर बस्न हुँदैन ।

**४. हरेक काममा खुशी हुने**

दैनिक जीवनमा काम गर्दै जाँदा कहिले सफल भइन्छ तर कहिले असफल भइन्छ । असफल भएको कारणले हतास हुनु हुँदैन बरु असफलताको कारण के छ त्यो पत्ता लगाई सफलताको बाटोमा फेरि अगाडी बढ्नु पर्छ। निराश हुनु हुँदैन। अरुसँग पनि सररल्लाह लिनु पर्छ।
कहिले काँही हाम्रो अगाडि समस्या नै समस्या तेर्सिएर बसेका हुन्छन्। यस्तो अवस्थामा आत्तिनु हुँदैन । कतिपय समस्या आफैंपनि समाधान भएर जान्छन । ३,४ महिनामा आउने समास्यालाई लिएर अहिले देखिनै चिन्तित हुनु हुँदैन । बरु देखिएका समस्यालनई एउटा योजना बनाइ यो पछि यो गर्छु भनि अघि बढ्नु पर्छ ।

कतिपय मिडियाले राम्रो कुरालाई पर्दा पछाडि राखी नराम्रो कुरालाई प्रचार गर्छन जसले गर्दा सर्वसाधरणमा सबै कुरा बिग्रियो, भत्कियो, वेकार छ जस्तो भावना आउन सक्छ। तर वास्तविकता त्यस्तो हुँदैन। त्यसैले धेरै समय सञ्चारमाध्यममा नकारात्मक कुरा आइरहेको छ भने धेरै समय त्यही मात्र हेरेर चिन्तित हुनु हुँदैन ।

**५. जे छ त्यसमा सन्तुष्ट बन्ने तर मेहनत गर्न नछाड्ने**

धेरै मानिसहरु आफू कहाँबाट आएको भन्नेकुरा पनि विंसन्छन । विगतलाई विर्सन्छन, वर्तमानमा सन्तोष लिन चाहँदैनन्, किनभने समय पार गर्दै जाँदा ठूलो उन्नति भएको पनि बिर्सन्छन् र सधै असन्तोषी भइरहन्छन्। विगतमा आफू कुन अवस्थामा थिएँ, अहिले कुन अवस्थामा आइपुगियो भनेर मूल्यांकन गर्नुपर्ने हुन्छ। धेरै जसो मानिसहरु ठूलो प्रगति गर्दा पनि क्षणिक आनन्द लिन्छन, त्यसैले मनमा सन्तोष भएको हुँदैन । त्यसकारण हामीले सन्तोष लिन सिक्न पर्छ । मैले यो अवधिमा यति गरें, भगवानले मलाई यसरी पुराएका छन् भनि सन्तुष्ट हुन पर्छ । तर मिहिनेत गर्न छाड्नु हुँदैन। पुराना असफलतालाई केलाउँदै लक्ष्यमा पुग्न पर्छ ।

**६.लागूपर्दाथ तथा दुर्व्यसनीबाट टाढा रहने**

कति मानिसमा रक्सी पिउने बानी हन्छ। विस्तारै यी मानिस बिहान देखिनै रक्सी लिने र दिनादिन रक्सीको मात्रा बढाउँदै जान्छन्। अनि रक्सीको मातमा झगडा गर्ने, श्रीमतीसंग शंका गर्ने कहिलेकाँही डराउने, घरबाट भाग्ने, छारे रोग जस्तै गरि ढल्ने गर्छन । त्यस्तै कति मानिस लागूऔषधि दुर्व्यसनिमा फस्छन्।

जसले गर्दा दैनिक २(४ हजार रकम यसमा खर्च गर्न पुग्छन् साथै अनैतिक काम गर्न बाध्य हुन्छन्। यस्ता मानिस एड्स तथा हेपाटाइटिस बीू जस्ता रोगबाट पनि ग्रसित हुन पुग्छन्। सुई साटासाट गर्ने, छाडा यौन सर्म्पक गर्ने, डूग्स लिन रकम जुटाउन चोरी गर्ने पनि गर्छन । त्यसैले यस्ता वस्तुवाट सधै टाढा रहनु पर्छ।




**७.दैनिक जीवनमा स्वस्थ्य प्रतिस्पर्धा गर्नुपर्छ**

समाजमा ठूलाले सानालाई हेप्ने आफूमात्र समाजमा प्रतिष्ठित बन्न खोज्ने, अर्कालाई हेप्ने, अर्कालाई उचित व्यवस्था मिल्नबाट अवरोध गर्ने पनि पाइन्छ । जुन अपराधिक मानिन्छ । यस्तो वातवरणको सधै अन्त्य गर्नुपर्छ । समाजमा स्वस्थ्य प्रतिस्पर्धा भएमा सबै मानिसले उतिकै क्षमता विकास गर्न सहयोग मिल्छ। कसैलाई डर हुँदैन, सबैको कल्याण हुन्छ। यस्तो वातवरण बनाउनु समाज तथा राष्ट्रको कर्तव्य हो ।

**८. अति नैतिकवान नबन्ने तथा अरुबाट पनि त्यस्तो आशा नगर्ने**

समाजमा कोही मानिस अति नै नैतिक हुन्छन्। यस्ता मानिस हरेक काममा अतिनै सचेत हुन्छन्। अरुलाई कुनै प्रकारको मर्का नपरोस भनि हरेक क्षणमा ध्यान पुऱ्याउँछन तर समाज त्यस्तो छैन र समाजबाट यस्ता मानिसले धोका पाउँछन् र मन दुखाउन पुग्छन्। मनोरोग लाग्न पुग्छ । त्यसैले हामी केहि हदसम्म तलमाथि हुनु पर्ने हुन्छ न कि हरेक कुरा अत्यन्तै ठिकसँग चल्नपर्छ, मानिस अनुसार नै हुन पर्छ। केहि मानिसलाइ आफूले गरेको बाहेक अरुले गरेको काममा चित्त बुझ्दैन । त्यसैले यस्ता मानिस अरुले गरेको काम सच्याउने गर्छन जस्तै कोठा सफा गरेको मन नपर्ने, आफैंले सफा गर्नु पर्ने । यस्तो हुँदा दैनिक जीवनमा अफठ्यारो महसुस हुन्छ । त्यसैले केहि हदसम्म अर्काले गरेको कामलाई पनि अचित स्थान दिनु पर्ने हुन्छ ।

समाजमा अति नैतिक भई बाँच्न गाह्रो छ। त्यसैले आफू पनि परिवर्तन हुनपर्छ र समाज अनुसार चल्नु पर्छ।

**९. मनका कुरा अरुलाई भन्ने बानी गर्ने**

हामीमा ठूलो समस्या आउदा पनि अरुलाई नभन्ने बानी हुन्छ जसले गर्दा मनमा अशान्ति फैलिन्छ। हावा भरिएको प्रेसर कुकर झैं विस्फोट हुने वा अचानक सिी लाग्ने ठूलो हलचल हुने जस्तो हाम्रो शरीरमा पनि हलचल हुन सक्छ।

काम नबने हातखुट्टा नचल्ने भइ हामी बिरामी पर्छौं। त्यसैले मनमा रहेको कुरा जसले पनि आफूलाई तनाब बढाउँछ। त्यस्ता कुरा आफ्नो मन खाने मानिसमा भन्नुपर्छ, आफ्नो मनको बेदना अरुलाई व्यक्त गर्दा मन शान्त हुन जान्छ ।

पहिले पहिले मानसिक रोग भनिन्थ्यो तर अहिले मनोरोग भनिने गरिन्छ। मनोरोग भनेको अति समरुप टेन्सन हुने देखि कडा रोग सिर्जोफोनियासम्म पर्छ। त्यसैले अति सामान्य रोग देखि कडा रोग सम्मका बिरामी यसमा पर्छन्।

डिप्रेसन रोग लागेका विरामीमा यस्तै चिन्ता हुन्छ कि मेरो दिमाग नै आउट हुन्छ तर त्यस्तो हुँदैन । त्यसैले आत्तिन हुँदैन। सामान्य मनोरोग लोगेका बिरामीले अनावश्यक चिन्ता लिनु हुँदैन । डा सेडाई नशा तथा मानसिक रोग विशेषज्ञ हुन्। स्वास्थ्य खबर अनलाईन पत्रिकाबाट साभार

# वीरगञ्जमा.....

महानगरपालिकाले दुईवटा एम्बुलेन्सको व्यवस्था गरिदिएको छ ।

'यसपलीको दशैंमा कोहि नरहुन सडकमा' भन्ने उद्देश्य सामुहिक उद्दार कार्यक्रमको छ। गस्तीको क्रममा सडकमा अलपत्र परी जोखिममा रहेका सहयोगापेक्षी अभिभावक एवं संरक्षक विहीन सडक मानवहरुको उद्दार गर्ने गरिएको छ ।

रात्री गस्तीका क्रममा अलत्रप परेका मानिससँगै मादक पदार्थ सेवन गरेर सडकमा सुत्ने मानिस भेटिने गरेको गस्तीमा खटिएकाहरु बताउँछन् ।

# वीरगञ्जका .........

गर्न निर्देशन दिईएको उनले बताए । प्रधानाध्यापक केशर प्रसाद यादवले भने आफ्नो स्वास्थ्य अवस्था विग्रिएकोले विद्यालयमा ध्यान दिन नसकेको बताए । शारदा मावि कै यस्तो देखियो हाल असोज ६ गते वीरगञ्ज महानगरपालिका शैक्षिक प्रशासन महाशाखाको टोली विद्यालयको आकस्मिक अनुगमनका लागि निस्कियो । विद्यालय छुट्टी हुने समय भईसकेको थिएन । वीरगञ्ज( २६ सुगौली विर्ता पुग्दा विद्यार्थी घर फर्किरहेका थिए । कुन विद्यालयको हो तिमीहरु ? भनी सोधियो । विद्यार्थीहरुले शारदा मावि बहुअरी भन्ने जवाफ दिए ।
महाशाखा प्रमुख अरविन्द लाल कर्ण सहितको टोली गाडी घुमाएर बहुअरी फर्कियो । विद्यालयमा शिक्षक, प्रधानाध्यापक थिएनन । त्यहि भएर विद्यार्थीहरु घरतिर फर्केका रहेछन् ।
महाशाखाले के कति कारणले विद्यालय समय अघि नै बन्द गरिएको हो ? प्रधानाध्यापक विद्यालय समयसम्म किन नबसको ? शिक्षक किन विद्यालय नआएको ? भनी स्पष्टिकरण सोध्यो । प्रधानाध्यापक राम नारायण मिश्रले महाशाखालाई स्पष्टिकरण बुझाउँदै त्यो एक दिन भएको त्रुटीलाई लिएर विद्यालयको मुल्यांकन नगर्न आग्रह गरेका छन् । आफू खाना खान गएको समयमा विद्यार्थी घर गएको दावी उनको छ ।
' कक्षा १० सम्म विद्यालयमा ७ घण्टी नै पढाई हुन्छ। पठन पाठन र पूर्वाधारमा समस्या छैन ।' उनले भने ' त्यसदिन विद्यालय व्यवस्थापन समितिको बैठक ढिलोगरि बस्यो। म खाना खान गएको समयमा विद्यार्थी घरतिर हिँडेछन्। सँधै त्यस्तो हुँदैन ।'
विद्यालयमा कक्षा ११ र १२ सँगै सीटीईभिटीको कृषि र भेटनरीको १८ महिने र ३ वर्षे कोर्ष समेत व्यवस्थित रुपमा सञ्चालनमा रहेको बताए ।
शारदा माविको विद्यालय व्यवस्थापन समिति अध्यक्ष अजय द्विवेदी हुन्। उनी हाल नेपाली काँग्रेस पर्सा जिल्ला सभापति पनि छन् ।
शैक्षिक सुधार भन्दा भैतिक संरचना बनाउन आकर्षण
आकस्मिक निरीक्षण गर्ने टोली वीरगञ्ज( १६ फुलबारी टोल स्थित शुक्रराज आधारभूत विद्यालय पुग्यो । विद्यालयमा निर्माणको काम भईरहेको तर पठन पठन नभएको पाईएको अनुगमन टोलीले जनाएको छ ।
शिक्षक ३ जना उपस्थित थिए भने विद्यार्थी ११ जना मात्रै । विद्यार्थी हाजिरी पुस्तिकामा भदौ महिना पुरै खाली थियो । जबकी वीरगञ्जमा विद्यालय भदौंबाट नै खुल्न शुरु गरेको थियो । विद्यालयका एक जना शिक्षकले विद्यार्थीलाई इकार समेत बुझाउन नसकेको अनुगमन टोलीका एक सदस्यले बताए ।
शैक्षिक प्रशासन महाशाखाको टोलीले यसको कारण के हो ? भनी लिखित जवाफ सहित तीन दिन भित्र महाशाखामा उपस्थित हुन निर्देशन दियो । साथै आगामी दिनमा महाशाखा वा वीरगञ्ज महानगरको सूचना बेगर आफू खुशी विद्यालय बन्द गरेको वा रहेको पाईएमा कानुन बमोजिम कारबाही गर्ने चेतावनी पनि दियो ।

तर विद्यालयका प्रधानाध्यापक योगेन्द्र कुमालले अझैसम्म त्यसको जवाफ फर्काएका छैनन् । विद्यालयमा शिक्षकको तलब नै रोकिएको छ। विद्यालयमा प्रअ लगायत जिम्मेवार व्यक्तिहरु लापरबाह देखिएको शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्ण बताउँछन् ।

'विद्यालय राम्रोसँग सञ्चालन होस भनेर १८ लाख दुई कोठे भवन र ७ लाख शौचालय निर्माणका लागि बजेट दियौं ।' प्रमुख कर्णले भने ' विद्यालयमा पढाई नै राम्रोसँग नभएपछि पूर्वाधार मात्रै बनाएर के अर्थ हुन्छ र ?'

**प्रयाप्त शिक्षक नहुँदा पनि समस्या**

कोभिड(१९ को संक्रमण घट्दै गएपछि वीरगञ्जमा साउन ३१ गतेदेखि नै क्रमशः विद्यार्थीको भौतिक उपस्थितिमा विद्यालय सञ्चालनमा ल्याईएको छ । साउन २७ गते बसेको सरोकारवालाको बैठकपछि भौतिक उपस्थितिमा विद्यालय सञ्चालन सम्बन्धि कार्य ढाँचा २०७७ बमोजिम विद्यालय सञ्चालन गरिएको हो ।
साउन ३१ गते आईतबारदेखि कक्षा ८(१२ कक्षा, भदौ १३ गतेदेखि कक्षा ६ र ७, भदौ २० गतेदेखि कक्षा ४ र ५, भदौ २८ गतेदेखि बालविकासदेखि ३ कक्षासम्म पनि भौतिक उपस्थितिमै सञ्चालनमा छ ।
पठनपठन राम्रो हुने सामुदायिक विद्यालयमा विद्यार्थीको अत्याधिक चाप पनि देखिएको शैक्षिक प्रशासन महाशाखाले जनाएको छ। नर्सिङ मावि, सिदार्थ मावि र कन्या स्कुलमा विद्यार्थीको अत्याधिक चाप देखिएको हो। कतिपय विद्यालयले विद्यार्थी चाप बढी भएका कारण शिफ्टमा कक्षा सञ्चालन गरिरहेका छन् ।

शैक्षिक प्रशासन महाशाखाले विद्यालय सञ्चालनमा आएपछि २५ वटा विद्यालयको स्थलगत निरीक्षण गरिसकेको छ । विद्यालयमा व्यवस्थापकीय पक्ष कमजोर पाईएको छ । विद्यालय व्यवस्थापन समितिमा बस्नका लागि मरिहत्ते गर्ने व्यवस्थापन समितिका पदाधिकारीले विद्यालयमा खासै ध्यान दिएका छैनन् ।
शिक्षक अभावका कारण अर्को समस्या छ । शैक्षिक प्रशासन महाशाखाको तथ्याङक अनुसार वीरगञ्ज महानगरमा कक्षा ११ र १२ तर्फ २१ जना, मावि तर्फ १ सय भन्दा बढी, कक्षा ६ देखि ८ सम्म अध्यापन गराउने १ सय २९ जना शिक्षक अभाव छ। शिक्षक नभएकै कारण कक्षा ६ देखि ८ सम्म प्रधानाध्यापक मात्रै दिन सकिएको शैक्षिक प्रशासन महाशाखाका अधिकारीहरु बताउँछन्। बढी दरबन्दी भएको तर विद्यार्थी संख्या कम भएको विद्यालयबाट दरबन्दी कटौती गरेर विद्यार्थी चाप बढी भएको विद्यालयमा शिक्षक दिने तयारी आफूहरुले गरेको शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले बताए ।

**अनुगमनमा सहभागी नगराउँदा असन्तुष्टी**

शैक्षिक प्रशासन महाशाखाले अनुगमनमा शिक्षक महासंघ लगायत शिक्षक संघ संगठनलाई सहभागी गराउँदैन । आकस्मिक अनुगमन भएकोले कसैलाई जानकारी नगराउने गरिएको शैक्षिक प्रशासन महाशाखाको तर्क छ । यसलाई लिएर सार्वजनिक रुपमै शिक्षक महासंघ लगायत शिक्षक संघ संगठनले असन्तुष्टी जनाउँदै आएका छन् । अनुगमनमा सहभागी गराउँदा शिक्षक महासंघले पनि विद्यालय सुधारमा भूमिका निर्वाह गर्न सक्ने तर्क शिक्षक नेताहरुको छ ।
टिफिन पछि विद्यार्थी अनुपस्थित हुने समस्याको मुख्य जिम्मेवार प्रधानाध्यापक नै हुने शिक्षक महासंघ पर्साका अध्यक्ष तिर्थराज यादव बताउँछन् ।
'विद्यालय व्यवस्थापनको प्रशासकीय जिम्मेवारी प्रधानाध्यापकको नै हुन्छ, त्यसैले टिफिन पछि विद्यार्थी विद्यालय नबस्नुको जिम्मेवारी प्रअले नै लिनुपर्छ । ' उनले भने ' त्यसपछि विद्यालय व्यवस्थापन समिति र शिक्षकको जिम्मेवारी हो। एक आपसमा समन्वय नहुँदा यस्तो समस्या देखिन्छ ।'

उनी विद्यार्थी अनुपस्थित हुनुको कारण पहिचान गरेर अभिभावक भेला मार्फत समस्याको समाधान गर्नुपर्ने बताउँछन् ।



वीरगञ्ज - बगही टोल ईनर्वामा आयोजित महाविरी झण्डा मेला र कुस्ती प्रतियोगिताको उदघाटन गर्दै नगर प्रमुख विजय कुमार सरवार्गा कुस्ती मधेसको परम्परागत र लोकप्रिय खेल हो ।

## बारा-पर्सा.......

अवस्थामा हामी छौं। विस्तृत छलफल, कार्यशाला, सार्वजनिक सूचनाका माध्यमबाट विभिन्न क्षेत्र, समूह औद्योगिक प्रतिष्ठानहरु, उद्योग वाणिज्य सङ्घहरु र सरोकारवाला पक्षसँग गहन छलफल गरिनुपर्छ। उपर्युक्त ठोस ऐन, कानुन, नीति, नियम, निर्देशिका तर्जुमाको लागि सरकारलाई अनुरोध गर्ने, जनमत सृजना गरी दबाब दिने उद्देश्य वीरगञ्ज उद्योग वाणिज्य संघले लिएको छ। पहिलो चरणमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने दिगो र व्यापकतामा आधारित औद्योगिक विकासको प्रभावकारितामा जोड दिनुपर्छ । सार्वजनिक निजीक्षेत्र बीच समन्वय, सहयोगी र साझेदारीको भावनाको विकास गर्नुपर्छ । औद्योगिक उत्पादनहरुमा बृद्धि गरी निर्यात बढाउने, औद्योगिक रोजगारीको बृद्धि गर्ने, औद्योगिक क्षेत्रको विस्तार र विकास गर्नुको साथै दिगो रुपमा औद्योगिक उद्यमशीलता स्थापना गर्न प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्नुपर्छ । लगानीको आधार सृजना गरी औद्योगिक लगानी बढाउन तद्नुरुप कार्य गर्ने, नयाँ नयाँ औद्योगिक क्षेत्र पहिचान गरी क्रमश: उद्योगहरुको विकास गर्ने आदि विषयहरुमा व्यापक छलफल गरेर निष्कर्षमा पुग्नुपर्छ।

**उद्योग समितिको स्वार्थ, औद्योगिक विकास**

यसमा उद्योग समितिको स्वार्थ के हो त ? भन्ने प्रश्न पनि उठ्न सक्छ । उद्योग समितिको स्वार्थ मुलुकको औद्योगिक विकास होस भन्ने नै छ । त्यसका लागि उद्योगी, व्यवसायीका पनि जिम्मेवारी छन् । त्यसलाई ईमान्दारिताका साथ पुरा गर्ने प्रतिबद्धतासँगै कार्यान्वयन गर्न उद्योगी व्यवसायी पनि जिम्मेवार हुनैपर्छ । उद्योगी व्यवसायी के चाहान्छन त ? त्यसबारेमा उद्योग समितिमा भएको छलफलबाट केहि विषयहरु पहिचान गरेका छौं। जसलाई मैले यहाँ बुँदागत रुपमा प्रस्तुत गरेको छु ।

पर्सा बारा औद्योगिक कोरिडोर वा आसपास उचित स्थानमा औद्योगिक क्षेत्र स्थापना गर्न पहल गर्ने । त्यस्ता आद्योगिक क्षेत्रमा विद्युत पानी, ढल निकास, बाटो, सुरक्षा र एकीकृत आईईईको व्यवस्था गरिनुको साथै औद्योगिक क्षेत्र वरपर नयाँ बस्तीको विकासलाई पूर्ण रुपमा रोक लगाईएको हुनेछ । उद्योगहरुमा नयाँ(नयाँ प्रविधि पहिचान गरी त्यसको समुचित उपयोग गर्ने/गराउने ।

श्रम ऐनमा समय सापेक्ष रुपमा संशोधन गरी औद्योगिक एवम् कामदार मैत्री बनाउने, विभिन्न तालिम, उत्प्रेरणा, अनुशासन आदिका माध्यमबाट श्रमिकको उत्पादन क्षमता वृद्धि गरी उत्पादन बढाउने नै हो । प्राविधिक कामदारको उपलब्धता बढाउन थप प्रयत्न गर्नु आवश्यक देखिन्छ। त्यसका लागि विभिन्न शैक्षिक संस्थासँग निरन्तर सहकार्य गर्नुपर्छ।

रुग्ण उद्योगको पहिचान गरी समस्या निराकरण गर्न सहजीकरण गर्ने, कृषिको व्यवसायीकरण र आधुनिकीकरण गर्न, यस क्षेत्रमा करार खेती, चक्लाबन्दी, सहज गुणस्तरीय बिउबिजन तथा मल आपूर्तिको व्यवस्थामा सुधार गर्न पहल गर्ने हाम्रो लक्ष्य हो ।

कृषि क्षेत्रमा आपूर्ति प्रणाली सहज गर्न आवश्यकता अनुसार ठूला कृषि मण्डीको विकास गर्ने र निर्वाहमुखी कृषिबाट नयाँ नयाँ प्रविधि प्रयोग गरी वैज्ञानिक एवम् व्यवसायिक कृषि तर्फ अग्रसर हुन उत्प्रेरित गर्ने, औद्योगिक क्षेत्रमा चाहिने उच्च व्यवस्थापनलाई सक्षम, चुस्त दुरुस्त योग्य बनाउन आवश्यक प्रक्रिया अवलम्बन गर्न उद्योगी व्यवसायीलाई प्रोत्साहित गर्ने ।

गुणस्तरीय उत्पादनमा जोड दिने प्रबन्ध मिलाउने, उद्यमी व्यवसायीलाई सरकार लगायत विभिन्न पक्षबाट हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउन प्रयत्न गर्ने, यस क्षेत्रको महत्व बुझाउने ।

राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउने दिगो र व्यापकतामा आधारित औद्योगिक विकासको लागि सार्वजनिक निजी साझेदारी र सहकारीको माध्यमबाट प्रभावकारी कार्य सञ्चालन गर्ने ।

निर्यातजन्य वस्तुहरुको पहिचान गरी उत्पादन एवम् निर्यात प्रवर्द्धन गरी राष्ट्रिय आय एवं रोजगारीमा थप योगदान दिने, औद्योगिक ट्रेड मार्क एवं बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धि कानूनको पारदर्शीता एवम् समयानुकूल बनाउन पहल गर्ने, नर्यातजन्य उद्योगहरुलाई राज्यबाट दिइने थप सुविधा र सहुलियत उपलब्ध गराउन दवाव दिने, स्वरोजगारिता बढाउन सहयोग गर्ने औद्योगिक सुरक्षा बलको पूनर्स्थापनाका लागि आवश्यक पहल गर्ने

गैर आवासीय नेपालीलाई नेपालमा उद्योग स्थापना गर्न आवश्यक पहल गर्ने औद्योगिक व्यवसाय नियमावलीको परिच्छेद ६, दफा ३० र ३१ अनुसार हरेक जिल्लामा औद्योगिक विकास प्राधिकरण गठन गरी सशक्त बनाउन पहल गर्ने

राजनैतिक दल र त्यसका नेता कार्यकर्ताहरुलाई अर्थतन्त्रलाई पहिलो प्राथमिकतामा राख्न उत्प्रेरित गर्ने, राजनीति पेशा नभई सेवा हो भन्ने कुरा बुझाउन प्रयत्न गर्ने

नगर वा गाउँपालिकामा 'औद्योगिक ग्राम' स्थापना गरी लघु घरेलु तथा साना उद्योगको विकास गर्न पहल गर्ने सरकारको अति नियमन प्रणाली हटाई एकद्वार प्रणाली स्थापना गर्न श्रृजनात्मक दवाव दिने

उद्योग प्रशासनमा विद्यमान अकर्मण्यता हटाउन, कर प्रशासनलाई बढी लचिलो सरल एवं पारदर्शी बनाउन सुझाव दिने ।मुख्य औद्योगिक क्षेत्रहरुमा स्थायी औद्योगिक प्रदर्शनी हल स्थापना गर्न सरोकारवालालाई आग्रह गर्ने, औद्योगिक कोरिडोरमा ढल, पानी, निकासी र गुणस्तरीय विद्युत आपूर्तिको व्यवस्था मिलाउन प्रयत्न गर्ने, वनमा आधारित उद्योगहरुको विकासका लागि समन्वय र सहकार्य गर्ने

गौतम, वीरगञ्ज उद्योग वाणिज्य सङ्घ, उद्योग समितिका संयोजक हुन् ।

## जनगणनामा मातृभाषा 'भोजपुरी' लेखाउन नगर प्रमुख सरावगीको आग्रह



वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले स्थानीय भाषा, संस्कृति संरक्षण र सम्बर्द्धनमा कुनै कमी हुन नदिने बताएका छन् । उनले भोजपुरी भाषालाई माया गर्न र जनगणनामा मातृ भाषा भोजपुरी लेखाउन आग्रह गरे ।

' म ६ वटा भाषा बोल्न सक्छु तर जनगणनामा मातृभाषा भोजपुरी लेखाएको छु ।' उनले भने ' भाषाको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।' भोजपुरी प्रतिष्ठानको कार्यालय उद्घान गर्दै महानगर प्रमुख सरावगीले स्थानीय सकारले गर्नुपर्ने प्राथामिकताका कामहरु मध्य स्थानीय भाषा र संस्कृति संरक्षण पनि रहेको बताए ।

त्यसकै लागि 'भोजपुरी प्रतिष्ठान' गठन गरिएको र भोजपुरी भाषा, संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकासका लागि काम गर्ने उनको भनाई छ ।

प्रतिष्ठानका संरक्षक समेत रहेका नगरप्रमुख सरावगीले भोजपुरी भाषा समृद्ध भएपनि उपेक्षाको शिकार भएको बताए । भोजपुरीभाषीहरुले नै यसको ओज र गरिमा बढाउनुपर्नेमा उनले जोड दिए ।

भोजपुरी प्रतिष्ठानको कार्यालयमैं भएको औपचारिक कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य केसी लामिछानेले भाषालाई जोगाउन सचेत हुनुपर्ने बताए । उनले भोजपुरी भाषामा प्राज्ञिक तथा साहित्यिक गतिबिधहरु हुनुपर्ने धारणा राखे । महासंघका पर्सा अध्यक्ष अनुप तिवारी र वीरगञ्ज( ८ का अध्यक्ष राजकिशोर कानुले भाषाको जगेर्नामा प्रतिबद्ध भएर लाग्नुपर्ने बताए । प्रतिष्ठानका अध्यक्ष उमाशंकर द्विवेदीले आश्चर्यजनक रुपमा नेपालमा भोजपुरी भाषीको संख्या घटाइएको भन्दै चिन्ता प्रकट गरेका छन् ।

## विद्यार्थी सामाजिक क्रियाकलापमा संलग्न हुनुपर्छ : नगर प्रमुख सरावगी

वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले विद्यार्थीलाई सामाजिक क्रियाकलापमा संलग्न हुन आग्रह गरेका छन् । उनले समाजिक गतिविधिमा लागेपछि व्यवहारिक शिक्षा आर्जन हुने धारणा राखे । वीरगञ्ज(११ स्थित वीरगञ्ज कलेजले सोमबार कक्षा ११ का विद्यार्थीका लागि आयोजना गरेको स्वागत तथा व्यक्तित्व विकास सम्बन्धि तालिमको उद्घाटन सत्रमा बोल्दै उनले त्यस्तो बताएका हुन् ।

पछिल्ला दिनमा विद्यार्थीमा अनुशासन हराउँदै गएको बताउँदै उनले समयको महत्वलाई बुझेर अघि बढ्न आग्रह गरे ।

' विद्यार्थी अनुशासित हुनुपर्छ, तर पछिल्ला दिनमा त्यसमा कमजोरी छ, ध्यान दिनुपर्छ ।' उनले भने ' सेलेबल बन्नुपर्छ, त्यसका लागि नैतिक मुल्य, मान्यताका साथ अघि बढ्नुपर्छ । एक एक मिनेटको महत्व बुझ्नुपर्छ ।'

कार्यक्रममा बोल्दै वीरगञ्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतमले सफल हुने वा वर्वाद हुने व्यक्ति स्वयंको हातमा हुने बताए । 'युवासँग तागत हुन्छ, काम गर्न र साम्राज्य बनाउन सक्छ । त्यसको दुरुपयोग हैन सदुपयोग गर्नुपर्छ ।' उनले भने ।

विद्यार्थीलाई किताब बाहिरको जानकारी दिने उद्देश्यले तालिम कार्यक्रमको आयोजना गरिएको कलेजका अध्यक्ष डाक्टर दिपेन्द्र कुमार चौधरीले बताए । कलेज प्रमुख विनोद गुप्ताले दिने प्रशिक्षणमा व्यवस्थापन संकायमा अध्ययनरत ८० जना विद्यार्थी सहभागी छन् ।

## मेयर कल्याणकारी कोषबाट मुस्कानलाई २ लाख रुपैयाँ सहयोग



वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख विजय कुमार सरावगीले मुस्कान खातुनलाई २ लाख रुपैयाँ आर्थिक सहयोग गरेका छन् । मेयर कल्याणकारी कोषमा जम्मा भएको रकमबाट मुस्कानलाई २ लाख रुपैयाँ सहयोग गरेका हुन् ।

मुस्कानलाई शल्यक्रियाको लागि रकम आवश्यक परेको जानकारी पाएपछि २ लाख रुपैयाँको चेक हस्तान्तरण गरेको नगर प्रमुख सरावगीले बताए ।

नगर प्रमुख सरावगीले महानगरपालिकाबाट लिँदै आएको सेवा सुविधा मेयर कल्याणकारी कोषमा जम्मा गर्ने गरेका छन् । र विभिन्न सामाजिक काममा खर्च गर्ने गरेका छन् ।

कल्याणकारी कोषको रकमबाट हाकिम अन्सारीलाई विवाह खर्च वापत १० हजार , कुलसुम खातुनलाई उत्कृष्ट खेलाडीको रुपमा प्रोत्साहन वापत २५ हजार, मुस्ताक मियाँलाई विवाह खर्च वापत २५ हजार, प्रम्शिला देवी कुम्हाललाई ३० हजार रुपैयाँ प्रदान गरिसकिएको नगर प्रमुख सरावगी बताउँछन् ।

जिउँदो सहिदको सन्तानको विवाह खर्चका लागि कुम्हाललाई ३० हजार रुपैयाँ प्रदान गरिएको उनको भनाई छ ।


**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**

**बीरगञ्ज महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको महानगर क्षेत्रभित्र रहनु भएका सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध :-**
**"समयमै कर तिरौं, जरिवानाबाट बचौं र बीरगञ्ज नगरलाई समृद्ध बनाऔं "**

वीरगञ्ज महानगरपालिका क्षेत्रभित्र सम्पति भएका सम्पतिधनी, विभिन्न प्रकृतिका व्यवसाय गर्ने व्यवसायीहरुका लागि महानगरपालिकाले चालु आ।व।मा लाग्ने करमा २०७८ साल पुस मसान्त सम्म १० प्रतिशत छुटको सहुलियत दिने व्यवस्था सहित करदातालाई कर बुझाउन सहजिकरण होस भनी स्थलगत रुपमा कर बुझाउन सक्ने व्यवस्था गरी कर संकलन टोली खटाईएको हुँदा खटी आउने टोलीका कर्मचारीहरुलाई सम्पतिकर, व्यवसायकर एवं बहालकर समयमै कर बुझाई नगरको विकासमा सहयोग गरी दिनु हुन सम्पुर्ण नगरवासी करदाताहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**वीरगञ्ज महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वीरगञ्ज ,पर्सा**